पाल्हीनन्दन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कुश्मा, बेलासपुर, नवलपरासी

## गहुँको बीउ आपूर्ति सम्वन्धि बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८०।०६।१९

यस कार्यालयको चालु आ.ब. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम कार्यक्रम संचालन गर्न आवश्यक पर्ने गहुँको बीउ आपूर्ति गर्नु पर्ने भएको हुँदा के कति दररेटमा उल्लेखित गहुँको बीउ उपलब्ध गराउन सक्ने हो सो उल्लेख गरी इजाजत प्राप्त संस्था/फर्म/कम्पनीको लागि ३० दिने सुचना प्रकाशित गरिएको छ । इच्छुक आपुर्तिकर्ताले निम्न शर्त पालना गरी म्याद भित्र यस कार्यालयमा बोलपत्र पेश गर्नुहुन अनुरोध छ ।

तपशिल

१. प्रस्तावना खरिदको लागि निवेदन साथ आ.ब. २०७९/०८० को आयकर चुक्ता प्रमाण पत्र, नभए त्यसको म्याद थपको प्रमाण पत्र, बीउ विजनको कारोबारका लागी इजाजत प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबुद्धि कर दर्ता प्रमाणपत्र, सहकारी संस्था/कृषक समूहको हकमा दर्ता भएको प्रमाणपत्र संलग्न राखी पेश गर्नुपर्नेछ।
२. बीउ बिजन नियमावली २०६९ अनुसार बीउ विजन आपूर्तिकर्ताको हकमा बीउ बिजन ब्यवसायी अनुमति पत्र प्राप्त गरेको इच्छुक बिक्रेता/बीउ उत्पादक समूह/सहकारी/कम्पनीले मात्र बोलपत्र प्रस्ताव पेश गर्न सक्नेछन् ।
३. आपूर्ति गरिने बीउको हरेक लटको आधिकारिक प्रयोगशालाबाट जारी भएको प्रयोगशाला परिक्षण (Germination, Purity Moisture) रिपोर्ट समेत पेश गर्नु पर्ने छ ।
४. आपूर्तिकर्ताले नेपाल सरकार राष्ट्रिय बीउ बिजन समितिबाट तोकिए बमोजिमको मापदण्ड एवम् न्यूनतम गुणस्तर पुगेको उन्नत बीउ मात्र आपूर्ति गर्नुपर्नेछ ।
५. पाल्हीनन्दन गाउँपालिकाको कार्यालयले आवश्यकताअनुसार बीउको गुणस्तरका लागी Technical Audit गर्न सक्नेछन ।
६. आपूर्तिकर्ताले बोलपत्र पेश गर्दा सम्पुर्ण खर्च समावेश गरी पेश गर्नुपर्नेछ र तोकिएको डेलिभरी स्थान सम्म ढुवानी गर्नुपर्नेछ तर ढुवानी वापत थप रकम उपलब्ध गराईनेछैन ।
७. आपुर्तिकर्ताले तल उल्लेखित प्राथमिकता तोकिएका जातहरुमात्र आपुर्तिका लागी आवेदन गर्न सक्नेछन अन्य जातहरु उल्लेख गरी दर्ता भएको आवेदनलाई मुल्याङ्कनका लागी सो जातहरु समावेश गरिने छैन ।
८. विभिन्न आपूर्तिकर्ताबाट फरक-फरक जात वा एउटै जात खरिद गर्न सकिनेछ ।
९. कार्यालयबाट स्वीकृत भएका आपुर्तिकर्ताहरुलाई अनुदान रकम भुक्तानी हुनेछ र बाँकि रकम बीउ वितरणका लागी तोकिएका केताबाट आपूर्तिकर्ताले स्वयम भुक्तानी लिनुपर्नेछ ।
१०. प्रस्तावना साथ आफुले कबोल गरेको कुल मुल्यको कम्तीमा २.५ प्रतिशतले हुने रकम गाउँपालिका कार्यालयको नेपाल बैंक लिमिटेड बेलासपुर, पाल्हीनन्दन शाखामा रहेको धरौटी खाता नं.२४८०३०००००३०००००००१ मा जम्मा गरेको सक्कल भौचर वा जमानत प्राप्त बैंकबाट बोलपत्रको अन्तिम मितिबाट लागु हुने गरि ९० दिन म्याद सहित जारी भएको विडवन्ड संलग्न गर्नु पर्ने छ र बोलपत्र स्वीकृत भए पछि यस कबोल रकमको २.५ प्रतिशत रकम जमानत वापत धरौटी जम्मा गर्नु पर्नेछ ।
११. स्वीकृत कार्यक्रममा थपघट वा कुनै किसिमको संशोधन भई आएमा सोही बमोजिम हुनेछ ।
१२. बोलपत्रको कागजात सुचना प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समय भित्रै कार्यालयबाट खरिद गर्नुपर्नेछ ।
१३. प्रथम पटक सुचना प्रकाशित मितिले ३१ औं दिनको १२.०० बजेसम्म कार्यालयमा दाखिला गर्नुपर्ने छ । यदि उक्त दिन बिदा पर्न गएमा सोको भोली पल्ट निर्धारित समयमानै कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ । बोलपत्र कार्यालय प्रतिनिधि र प्रस्तावकर्ता वा निजको प्रतिनिधिको रोहवरमा सोही दिनको अपरान्ह २.०० बजे कार्यालयमा खोलिनेछ । प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । म्याद नाघी आएको रित नपुगेको र सर्त राखिएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन
१४. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१५. बिस्तृत जानकारीका लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
१६. बोलपत्रको सम्वन्धमा विस्तृत जानकारी लिनुपरे कार्यालयवाट कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
१७. अन्य व्यहोरा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बीउ बिजन ऐन र नियमावली गाउँपालिकाको कार्यविधि २०७५ बमोजिम हुनेछ ।

| सि.न. | खरिद गर्न सकिने जातको प्राथमिकता कम | उन्मोचित बर्ष | खरिद गरिने परिमाण के. जी | लागत अनुमान | धरौटी रकम रु. | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | बिजय | | ३६५८५.३६ | ३०,००,०००/- | कबोल अंकको २.५ प्रतिशत | ३०००/- | |
| २. | भृकुटी | | | | | | |

२०८०।०६।१९

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत